# मौरी प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधि - २०७७

**प्रस्तावना**

माडी नगरपालिकाभित्र मौरीको क्षेत्र विस्तार, महको उत्पादन एवम् उत्पादकत्वमा वृद्धि गर्ग कृपकको जीवनस्तर उकास्न र महमा माडीलाई आत्मनिर्भर बनाउन मौरी प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१). यो कार्यविधिको नाम **"मौरी प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"समूह"** भन्नाले माडी नगरपालिकामा प्रचलित कानून बमोजिम रुपमा दर्ता भएको कृपक समूह सम्झनु पर्छ ।

(ख) **"सहकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पदर्छ ।

(ग) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई संञ्चालनमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(घ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठित प्रस्ताव छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(ङ) **"शाखा"** भन्नाले माडी नगरपालिका अन्तर्गतको कृषि सम्वन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(च) **"कार्यक्रम"** भन्नाले मौरी प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ ।

३. **कार्यक्रमको उद्देश्यः** मौरी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहायवमोजिम हुनेछः

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

